# विधेयकमा संशोधनको सूचना

(प्रतिनिति सभा नियमावली, २०७५ को नियम १११ सँग सम्बन्धित

श्री सचिव,
प्रतिनिधि सभा, नेपाल
म प्रतिनिधि सभा नियमावली, २०७५ को नियम १११ बमोजिम नियम ११२ को उपनियम (१) को शर्तका अधीनमा रही देहायको विधेयकमा देहाय बमोजिमको संशोधन पेश गर्न चाहन्छु ।

**विधेयकको नाम : खाद्य स्वच्छता तथा गुणस्तर विधेयक**

| क्र.स. | विधेयकको | | | | शंशोधनको व्यहोरा | | |
|---|---|---|---|---|---|---|---|
| | दफा | उप दफा | खण्ड | उप खण्ड | हालको व्यवस्था | प्रस्तावित संशोधन | संसोधन गर्न पर्ने कारण |
| १ | १ | (२) | | | यो ऐन प्रमाणीकरण भएको मितिले एकतीसौं दिनबाट प्रारम्भ हुनेछ । | यो ऐन प्रमाणीकरण भएको मितिले पूँजीको आधारमा वर्गीकृत ठूला उद्योग / व्यवसायका हकमा एक वर्ष, मझौला तथा साना उद्योग / व्यवसायका हकमा तीन वर्ष र अन्य उद्योग / व्यवसायका हकमा पाँच वर्षबाट प्रारम्भ हुनेछ । | सम्बन्धित उद्योगहरूको पूर्वाधार तयार गर्न र यसका प्रावधानका बारेमा जनचेतना जगाउन समय लाग्ने भएकाले । |
| २ | २ | | (घ) | | "खाद्य पदार्थ " भन्नाले साधारणतय मानिसले उपभोग गर्ने..... सो शब्दले आहारपूरक खाद्य पदार्थ.... | आहारपूरक खाद्य पदार्थमा फर्मकोपियामा समावेश भएका पदार्थ बाहेक हुनुपर्ने | यो औषधि ऐन बमोजिमको ‘औषधिको’ परिभाषामा परेको |
| ३ | ५ | (१) | | | खाद्य तथा गुण्स्तर निर्धारण समिति | (क) सचिव, मन्त्रालय -अध्यक्ष<br>(ख) सहसचिव, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ती मन्त्रालय - सदस्य<br>(ग) सहसचिव, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय - सदस्य<br>(घ) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिवस्तरको प्रतिनिधि, कृषि विभाग - सदस्य<br>(ङ) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिवस्तरको प्रतिनिधि, पशुसेवा विभाग - सदस्य<br>(च) महानिर्देशक वा निजले तोकेको कम्तीमा उपसचिवस्तरको प्रतिनिधि, वातावरण विभाग - सदस्य<br>(छ) नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ मध्येबाट एक प्रतिनिधि - सदस्य<br>(झ) खाद्य प्रविधि, खाद्य पोषण वा खाद्य स्वच्छता सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेका र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेका विज्ञहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना - सदस्य<br>(ञ) खाद्य वैज्ञानिक तथा प्राविधिज्ञहरूको पेशागत संस्था सम्बन्धी प्रतिनिधि एक - सदस्य<br>(ट) नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (खाद्य सम्बन्धी विषय हेर्ने) - सदस्य<br>(ठ) खाद्य विज्ञान अध्यापन गराईने विश्वविध्यालयहरूमध्येबाट कम्तिमा एकजना महिला सहित तीन प्रतिनिधि - सदस्य<br>(ड) उपभोक्ताको हक हित संरक्षणको क्षेत्रमा कार्यरत संघसंस्था मध्ये मन्त्रालयले मनोनयन गरेको एक जना - सदस्य<br>(ढ) महानिर्देशक, विभाग - सदस्य सचिव | यसमा शैक्षिक संस्था, अनुसन्धानात्मक संस्था, पेशागत संस्था  नरहेको तथा कर्मचारी संयन्त्रमात्र रहेकोले<br><br>निजी क्षेत्रका विभिन्न संघबाट एक जना प्रतिनिधि पर्याप्त भएकोले |
| ४ | ६ | (१) | | | ... वर्षको कम्तीमा एक पटक बस्ने छ | ... वर्षमा कम्तीमा दुई पटक बस्ने छ | समितिको कार्य प्रभावकारी बनाउन |
| ५ | ६ | (७) | | | समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण गर्न सक्नेछ। | समितिले बैठकमा आवश्यकता अनुसार विषय विज्ञलाई आमन्त्रण **गर्नु पर्नेछ**। | विज्ञ अनिवार्य रूपमा आवश्यक भएकोले |
| ६ | ८ | (१) | | | विभागबाट सिफारीस लिनु पर्ने छ | विभाग वा कार्यालय वा प्रदेश वा स्थानीय तहबाट सिफारीस लिनु पर्ने छ | सम्बन्धीत तहमै सिफारीस लिन सक्ने भएकोले;<br>उदाहरणका लागिः बाजुराबाट उद्योगको सिफारीस लिन विभाग आउनुपर्ने भएकोले |
| ७ | ९ | (१) | | | ... ऐन बमोजिम अनुमतिपत्र लिनु पर्नेछ ।<br>तर तोकिए बमोजिमका खाद्य व्यवसाय संचालन गर्न यस ऐन बमोजिम अनुमति पत्र लिनु अनिवार्य हुने छैन। | ऐन बमोजिम अनुमतिपत्र विभाग वा कार्यालय वा प्रदेश वा स्थानीय तहबाट लिनु पर्नेछ । | प्रकृयागत झन्झट(red tapism) हटाउन<br><br>तोकिए बमोजिमका खाद्य व्यवसायलाई परिभाषित गर्नु पर्ने वा यो प्रावधान हटाउन पर्ने |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | ९ | (३) | | | प्रत्येक स्थानीय तहको लागि छुट्टाछुट्टै अनुमति पत्र लिनुपर्नेछ | ... तर घुमिफिरी खाद्यपदार्थ बिक्री (स्ट्रिट भेन्डिङ्ग) गर्नेले आफूले व्यवसाय गर्ने स्थानमध्ये कुनै एक स्थानीय तहबाट अनुमति पत्र लिनुपर्नेछ | घुमिफिरी खाद्य व्यवसायीलाई झन्झटिलो नबनाउनका लागि;<br>**उदाहरण:** ललितपुरमा ठेलामा ससेज बेच्ने व्यवसायीले काठमाडौँमा व्यवसाय गर्दा दोहोरो अनुमति पत्र लिनुपर्ने भएकोले ।<br>जस्तै: सवारी चालक अनुमति पत्र एक प्रदेशबाट लिएपछि देशभर सवारी चलाउन पाइन्छ । |
| ९ | १२ | | (ग) | | मानव स्वास्थ्यलाई असर गर्ने रोगकारक सुक्ष्म जीवाणु वा हानीकारक तत्व वा रसायनको मात्रा तोकिएको अधिकतम सीमाभन्दा बढी भएको | मानव स्वास्थ्यलाई असर गर्ने पहिचान भएका रोगकारक सुक्ष्म जीवाणु वा हानीकारक तत्व वा रसायनको मात्रा तोकिएको अधिकतम सीमाभन्दा बढी भएको | खाद्य पदार्थ उत्पादन वा प्रशोधन गर्दा पहिचान हुन नसकेका सुक्ष्म जीवाणुका कारण खाद्य उद्योगीलाई फौजदारी अपराधमा दण्डित गरिनु न्यायोचित नहुने |
| १० | १३ | | (ग) | | | तर माथि जुनसुकै कुरा लेखिएको भएतापनि उत्पादन कक्ष, बिक्री कक्ष वा भण्डारण कक्षमा बिक्री तथा उपभोग योग्य नरहेको भनी लेखी छुटाइ नष्ट वा हटाउन भण्डारण गरिएको खाद्य पदार्थलाई यस दफाको प्रयोजनार्थ न्यूनस्तरका खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री वितरणको लागि राखेको मानिने छैन तर सो सामाग्री नष्ट वा धुल्याइएको विवरण अनुगमन गर्ने निकायलाई तीन महिनाभित्र पेश गर्नु पर्नेछ । | न्यूनस्तरका खाद्य पदार्थ बिक्री वितरण गर्न नहुनेमा प्रतिबन्धात्मक बाक्यांश थप<br><br>उत्पादन, प्रशोधन, निकासी, पैठारी, एवं बिक्री कारोवारको क्रममा उत्पन्न हुने न्यूनस्तरका खाद्य पदार्थलाई तत्कालै नष्ट वा फिर्ता गर्न व्यवसायिक कारणले सभंव नभई कतिपय अवस्थामा उत्पादन कक्ष, बिक्री कक्ष एवं संचय कक्ष परिसरमा अलगै छुट्टै राखिनु पर्ने खाद्य व्यवसायीको बाध्यता रहेको र त्यस्तो अवस्थामा समेत दुषित खाद्य पदार्थ उत्पादन, संचय, बिक्री वितरणको अभियोग लगाई निर्दोष खाद्य व्यवसायी उपर खाद्य कसुरमा कारवाही उठान गर्न सकिने अवस्था देखिएकोले । |
| ११ | १६ | (६) | | | | उपभोग गरिने खाद्य पदार्थमै टासिने लेबल भएमा सो लेबल खाद्य ग्रेडको हुनु पर्नेछ । | उपदफा थप । त्यस्ता लेबलको स्वच्छता सुनिश्चित गर्न |
| १२ | १७ | | | | | उपदफा थप<br>उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्ने पर्ने | फोहर व्यवस्था सम्बन्धि प्रावधान थप गर्न आवश्यक भएकोले |
| १३ | १८ | | | | | उपदफा थप<br>उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्ने पर्ने | फोहर व्यवस्था सम्बन्धि प्रावधान थप गर्न आवश्यक भएकोले |
| १४ | १९ | | | | | उपदफा थप<br>उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्ने पर्ने | फोहर व्यवस्था सम्बन्धि प्रावधान थप गर्न आवश्यक भएकोले |
| १५ | २० | | | | | उपदफा थप<br>उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्ने पर्ने | फोहर व्यवस्था सम्बन्धि प्रावधान थप गर्न आवश्यक भएकोले |
| १६ | २१ | | | | | उपदफा थप<br>उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्ने पर्ने | फोहर व्यवस्था सम्बन्धि प्रावधान थप गर्न आवश्यक भएकोले |
| १७ | २२ | | | | | उपदफा थप<br>उत्पादनमा उत्सर्जन हुने फोहर व्यवस्थापन गर्ने पर्ने | फोहर व्यवस्था सम्बन्धि प्रावधान थप गर्न आवश्यक भएकोले |
| १८ | २३ | (१) | | | | ...<br>(ट) नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्स, नेपाल उद्योग परिसंघ मध्येबाट एक प्रतिनिधि - सदस्य<br>...<br>(ण) कृषि हेर्ने संसदीय समितिका कम्तीमा एक महिलासहित तीन सदस्य<br>(त) नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान (खाद्य सम्बन्धी विषय हेर्ने) - सदस्य<br>(थ) खाद्य प्रविधि, खाद्य पोषण वा खाद्य स्वच्छता सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेका र खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेका विज्ञहरूमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना - सदस्य<br>(द) खाद्य वैज्ञानिक तथा प्राविधिज्ञहरूको पेशागत संस्था सम्बन्धी प्रतिनिधि एक - सदस्य<br>(ध) खाद्य विज्ञान अध्यापन गराईने विश्वविध्यालयहरूमध्येबाट एक - सदस्य | नीति निर्माण अनुसन्धानमा आधारित हुन पर्ने ।<br>नीति निर्माण कार्यमा संसदीय समितिको उपस्थिति हुनु पर्ने। |
| १९ | २४ | (१) | | | ... वर्षको कम्तीमा एक पटक बस्ने छ | ... वर्षमा कम्तीमा दुई पटक बस्ने छ | समितिको कार्य प्रभावकारी बनाउन |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २० | २५ | | (ख) | | खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानूनको निर्माण ... | खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी कानून, नियमावली, निर्देशिका निर्माण ... | नियमावली र निर्देशिका समेत यो समितिले हेर्न आवश्यक भएकोले |
| २१ | २५ | | (ङ) | | खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी ..... | उपभोग हुने खाद्य पदार्थको सूचिकृत गरी स्वास्थ्यमा जोखिमका आधारमा वर्गीकृत गरी खाद्य सर्भेलेन्स प्रणाली स्थापना गर्न आवश्यक जनशक्ति विकाशका लागि समन्वय तथा सहजीकरण गर्ने | स्वास्थ्यमा जोखिमका आधारमा वर्गीकृत गरी खाद्य सर्भेलेन्स प्रणाली स्थापना गर्न आवश्यक भएकोले |
| २२ | २५ | | (च) | | | खाद्य स्वच्छता परिषद् निर्माण गर्न पहल गर्ने | देशमा खाद्य स्वच्छता प्रणाली थप प्रभावकारी ढंगबाट संचालन गर्न परिषद्को निर्माण आवश्यक भएकोले |
| २३ | २६ | | (ट) | | ... इन्क्वाइरी पोइन्ट सम्बन्धी काम गर्ने | ... इन्क्वाइरी पोइन्ट सम्बन्धी काम गर्ने र सोको लागि दक्ष जनशक्ति निर्माण वा सिर्जना गर्ने र दरबन्दी समेत तोक्ने | SPS Inquiry point लाई थप प्रभावकारी बनाउन |
| २४ | २७ | (४) | | | ... तोकिएको कार्य गर्ने गरी सूचीकरण गर्न सक्नेछ । | ... तोकिएको कार्य गर्ने गरी सूचीकरण गर्न सक्नेछ र सूचीकृत प्रयोगशालाको प्रतिवेदनलाई मान्यता प्रदान गर्नेछ । | मापदण्ड पूरा गर्ने प्रयोगशालाहरूलाई मान्यता पनि दिनु पर्ने |
| २५ | ३२ | (२) | | | ... दूषित रहेको देखिएमा यस ऐन ... | ... दूषित रहेको प्रमाणित भएमा यस ऐन ... | कार्वाही अगाडि प्रमाणित हुनु पर्ने |
| २६ | ३२ | (३) | | | | (३) उपदफा १ बमोजिम नमूना संकलित गर्दा उक्त बस्तुको बजार मूल्य रकम सम्बन्धीत बिक्रेतालाई भुक्तानी गर्नु पर्ने छ । | नमुना संकलनको अधिकार दुरुपयोग भई बिक्रेतालाई हुन सक्ने आर्थिक नोक्सानीबाट सुरक्षित गर्न खाद्य पदार्थको मूल्य बिक्रेतालाई भुक्तनी गर्न पर्ने व्यवस्था गर्न वाञ्छनीय देखिएकोले । |
| २७ | ३३ | (४) | | | | (४) उपदफा (१) बमोजिम बिक्री वितरणको लागि रोक लगाइएको खाद्य पदार्थको नमूना परिक्षण गर्न लाग्ने तोकिएको समय भित्र परीक्षण गरी सोको जानकारी सम्बन्धीत बिक्रेतालाई दिनु पर्नेछ । | बिक्री वितरणमा रोक लगाईको खाद्य पदार्थको नमूना परीक्षण जानकारी पाउने बिक्रेताको अधिकारलाई सुनिश्चित गर्न वाञ्छनीय देखिएकोले। |
| २८ | ३४ | | | | ...उपयुक्त तवरले नष्ट ... | वातावरण मैत्री तवरले नष्ट गर्ने | ऐन ले नियम वा कार्यविधि तय गर्ने हेरि व्यवस्था गर्नुपर्ने |
| २९ | ३६ | | | | प्रदेश तथा स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्न सक्ने ..... | प्रदेश तथा स्थानीय तहमा खाद्य स्वच्छता प्रणाली स्थापना गर्ने:<br>१. प्रदेश तथा स्थानीय तहमा आवश्यकता अनुरुप खाद्य स्वच्छता प्रणाली स्थापना गर्न विभागले सहजिकरण गर्ने ।<br>२. प्रदेशमा खाद्य सम्बन्धी सचिवको नेतृत्वमा तथा स्थानीय तहमा उपमेयरको नेतृत्वमा समिति गठन गर्न एवमं आवश्यक पूर्वाधारहरू तैयार गर्न विभागले समन्वय गर्ने<br>३. प्रणालीको पूर्वाधार तैयार नभएसम्म .......... साविकको दफा ३६ ...........<br>४. प्रणाली स्थापित भएपश्चात संघ, प्रदेश तथा स्थानीय तहले उद्योगलाई पूँजीको आधारमा वर्गीकृत गरी तत् तत् तहमा नियमन, अनुगमन, निरिक्षण गर्दै विश्लेशण तथा जनचेतना अभिवृद्धि समेत गर्नेछ । | संघीयताको मर्म अनुरुप खाद्य स्वच्छता प्रणालीलाई विकेद्रिकृत गर्ने परेकोले |
| ३० | ३८ | (१) | | | ... उपभोगको लागि सुरक्षित नरहेको जानकारी आएमा त्यस्तो खाद्य पदार्थ सार्वजनिक रुपमा सूचना प्रकाशन गरी बजारबाट फिर्ता माग गर्न पर्नेछ | ... उपभोगको लागि सुरक्षित नरहेको जानकारी त्यस्तो खाद्य पदार्थ बजारबाट फिर्ता माग गर्नु पर्नेछ | सार्वजनिक सूचना उपदफा ३ मा सारिएको |
| ३१ | ३८ | (२) | | | ... उपभोगको लागि सुरक्षित रहेको नदेखिएमा अनुगमन, निरक्षण, जाँचबुझ ... | ... उपभोगको लागि सुरक्षित रहेको नदेखिएमा प्रयोगशाला प्रतिवेदन, अनुगमन, निरक्षण, जाँचबुझ ... | न्यून गुणस्तरको खाद्य पदार्थ रहेको तथ्य खाद्य प्रयोगशालाको प्रतिवेदनबाट ठहर भए पछि मात्र खाद्य पदार्थ फिर्ताको लागि आदेश दिन उपयुक्त हुने भएकाले । |
| ३२ | ३८ | (३) | | | उपदफा (२) बमोजिम दिइएको आदेश ... | उपदफा (१) र (२) बमोजिम दिइएको आदेश पहिलो पटक चेतावनी सहित र दोहोरिएमा सार्वजनिक रुपमा सूचना प्रकाशन गर्नु पर्नेछ | सार्वजनिक रुपमा सुचना प्रकाशित गरी त्रुटिपूर्ण वा न्यून गुणस्तरको कुनै ब्याच वा एक लटको खाद्य पदार्थ फिर्ता माग गर्ने व्यवस्था गर्दा खाद्य व्यवसायीले उत्पादन वा प्रशोधन गरेको अन्य ब्याच वा लटको खाद्य पदार्थको बिक्री वितरणसमेत गंभीररुपमा प्रभावित हुने भएकाले । |
| ३३ | ४२ | (१) | क-ङ | | | जरिवाना रकम उद्योग वा व्यवसायको पूँजी वा आम्दानीमध्ये जुन बढी हुन्छ त्यसको अनुपातमा (१-१०%) तोकिन पर्छ । | जरिवानामा एकरुपता हुनाले ठूला व्यवसायीलाई केही फरक नपर्ने तर साना व्यवसायी टाट पल्टने अवस्था आउने भएकोले |
| ३४ | ४७ | | (क) | | ... मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार प्रमुख जिल्ला अधिकारीलाई | ... मुद्दाको शुरु कारवाही र किनारा गर्ने अधिकार स्थानिय तहको उप प्रमुखलाई | संघीयताको मर्म अनुरुप, उपप्रमुखको न्यायिक जिम्मेवारी पनि हुने भएकोले |

(१) नाम, थर: सुमना श्रेष्ठ     दस्तखत:     क्र. स.:     मिति २०७९ - ११ - ६